# कोशी प्रदेशको आर्थिक बुलेटिन

वर्ष-१, अंक-१०, आ.व.२०८१/८२ माघ, २०८१

**प्रदेश सरकार**
**आर्थिक मामिला तथा योजना मन्त्रालय**
**कोशी प्रदेश, विराटनगर**



## सम्पादकीय

कोशी प्रदेशको समग्र आय-व्यय र अन्य आर्थिक गतिविधिका बारेमा सरोकारवाला सबैलाई जानकारी दिन २०८१ बैशाख महिना देखि मासिक रुपमा आर्थिक बुलेटिन प्रकाशन गर्न थालनी भएको छ। चालु आ.व.२०८१/८२ को पुष मसान्तसम्मको समग्र आय-व्ययको विवरण समावेश गरी यो अंकको आर्थिक बुलेटिन प्रकाशन गरिएको छ।

गत आर्थिक वर्षको तुलनामा चालु आर्थिक वर्ष २०८१/८२ को पुष महिनासम्म कोशी प्रदेशको कुल खर्चमा १४.३ प्रतिशतले वृद्धि भएको छ। बचत संघ अनुदान फिर्ता रकम गत आ.व.को भन्दा वृद्धि भएकोले चालु खर्च बढी देखिएको छ। गत वर्षको तुलनामा संघबाट प्रदेशलाई प्राप्त हुने अनुदानमा कमी रहेको छ, भने राजस्व सङ्कलनमा वृद्धि भएको छ।

प्रकाशन तथा सम्पादन
वित्तीय क्षेत्र व्यवस्थापन तथा आर्थिक महाशाखा

## कोशी प्रदेशको सरकारी खर्च


१. आर्थिक वर्ष २०८१/८२ को पुष महिनासम्म जम्मा रु.८ अर्ब ७६ करोड ८२ लाख खर्च भएको छ। कुल खर्च मध्ये पूँजीगत खर्च रु.२ अर्ब ५५ करोड ८४ लाख र चालु खर्च रु.४ अर्ब ४८ करोड ४५ लाख रहेको छ। चालु खर्चमध्ये गत आ.व.को बचत संघ अनुदान फिर्ता तर्फ रु.१ अर्ब ९६ करोड रहेको छ। आ.व.२०८०/८१ मा संघ अनुदान फिर्ता खर्च रु.१ अर्ब ५६ करोड रहेको थियो।

**तालिका (क) पछिल्लो तीनवर्षको पुष महिनासम्मको खर्च स्थिति**
(रु.लाखमा)

| बजेट शीर्षक/आ.व. | २०७९/८० | २०८०/८१ | २०८१/८२ |
|---|---|---|---|
| चालु खर्च | ४०६७१ | ३८८१३ | ४४८४५ |
| पूँजीगत खर्च | ४४३१६ | २७३२२ | २५५८५ |
| स्थानीय तह अनुदान | १३८९७ | १०५४५ | १७२५२ |
| कुल खर्च | ९८८८४ | ७६६८० | ८७६८२ |
| विनियोजनको तुलनामा कुल खर्च % | २४.९% | २०.८% | २४.९% |

*स्रोतः-प्रदेश लेखा नियन्त्रक कार्यालय, विराटनगर।*

**चार्ट (क) तीन आर्थिक वर्षको पहिलो अर्धवार्षिक अवधिको खर्चको अवस्था**
(रु.लाखमा)




*स्रोतः-प्रदेश लेखा नियन्त्रक कार्यालय, विराटनगर।*

२. चालु आ.व.२०८१/८२ को पुष महिनासम्म कुल विनियोजनको २४.९ प्रतिशत खर्च भएको छ। जसमा चालु खर्च ३१.८%, पूँजीगत खर्च १५.५% र स्थानीय तह अनुदान ३७.२% प्रतिशत निकासा तथा खर्च भएको छ।

तालिका (ख) आ.व.२०८१/८२ पुषसम्मको मासिक खर्चको विवरण (रु.लाखमा)

| महिना/शीर्षक | चालु खर्च | पूँजीगत खर्च | स्थानीय तह | मासिक जम्मा | मासिक खर्च प्रतिशत |
|---|---|---|---|---|---|
| श्रावण | १३९६४ | १४२ | | १४१०६ | १६.१% |
| भदौ | ४०३४ | ३१०० | ५६८ | ७७०२ | ८.८% |
| असोज | ७१६५ | ७६८० | ८११४ | २२९५९ | २६.२% |
| कार्तिक | ९९३८ | २३५० | २१९५ | १४४८३ | १६.५% |
| मंसीर | ४५६८ | ४०९२ | २८७५ | ११५३५ | १३.२% |
| पुष | ५१७६ | ८२२१ | ३५०० | १६८९७ | १९.३% |
| जम्मा खर्च | ४४८४५ | २५५८५ | १७२५२ | ८७६८२ | १००.०% |
| | | | | जम्मा बजेट | |
| कुल विनियोजन | १४१००४ | १६५४४४ | ४६३४५ | ३५२७९३ | |
| पुष सम्मको खर्च प्रगति | ३१.८% | १५.५% | ३७.२% | २४.९% | |

*स्रोतः-प्रदेश लेखा नियन्त्रक कार्यालय, विराटनगर।*

## कोशी प्रदेशको राजस्व तथा अनुदान प्राप्ति

३. आ.व.२०८१/८२ पुष मसान्तसम्म संघीय राजस्व बाँडफाँट र प्रदेशको आन्तरिक राजस्व समेत रु.६ अर्ब ७५ करोड **(वार्षिक लक्ष्यको ३८.८%)** राजस्व संकलन वा प्राप्ति भएको छ। यसैगरी संघ अनुदानको जम्मा रु.३ अर्ब ८९ करोड ६८ लाख **(वार्षिक लक्ष्यको २६.८%)** निकासा प्राप्त भएको छ। आ.व.२०८१/८२ को पुष मसान्तसम्म प्रदेश सञ्चितकोषमा राजस्व र अनुदान गरी जम्मा रु.१० अर्ब ६४ करोड ५१ लाख **(वार्षिक लक्ष्यको ३३.३%)** प्राप्ति भएको छ।

४. गत आ.व.२०८०/८१ पुषसम्मको तुलनामा चालु आ.व.को पुषसम्म प्रदेशको कुल राजस्व संकलनमा **३०.६** प्रतिशतले वृद्धि भएको छ। गत वर्षको पुषसम्म वित्तीय समानीकरण अनुदानको दोस्रो किस्ता प्राप्त भएकोमा चालु आ.व.को पुषसम्म पहिलो किस्तामात्र निकासा प्राप्त भएकोले कमी देखिएको छ। संघ सशर्त, समपूरक र विशेष अनुदानको लक्ष्य गत आ.व.को तुलनामा चालु आ.व.मा कमी रहेको हुँदा संघ अनुदान प्राप्तिमा न्यून देखिएको हो।

तालिका (ग) पछिल्लो तीन आ.व.को (पुषसम्म) राजस्व तथा अनुदान प्राप्तिको विवरण (रु.लाखमा)

| आय शीर्षक | २०७९/८० पुष सम्मको प्राप्ति | २०८०/८१ पुष सम्मको प्राप्ति | चालु आ.व.२०८१/८२ | | | गत आ.व.को तुलनामा वृद्धि |
|---|---|---|---|---|---|---|
| | | | वार्षिक लक्ष्य | पुष सम्मको प्राप्ति | प्राप्ति प्रतिशत | |
| संघीय राजस्व बाँडफाँट (VAT, अन्तःशुल्क र रोयल्टी) | ३१४८९ | ३५९९७ | १२४००८ | ४७९१० | ३८.६% | ३३.१% |
| प्रदेशको आन्तरिक राजस्व (स्थानीय तहबाट प्राप्त हुने समेत) | १६३५३ | १५६९२ | ४९८०० | १९५७३ | ३९.३% | २४.७% |
| संघ वित्तीय समानीकरण अनुदान | २२५२० | ४३९१९ | ८९४३२ | २२३५८ | २५.०% | -४९.१% |
| संघ सशर्त अनुदान | १९७७६ | ३३२२१ | ४१६४३ | १२१५९ | २९.२% | -६३.४% |
| संघ समपूरक अनुदान | ३०३६ | २४०९ | ६५५० | २१६२ | ३३.०% | -१०.३% |
| संघ विशेष अनुदान | १५६८ | २५०८ | ७८०१ | २२८९ | २९.३% | -८.७% |
| जम्मा | ९४७४२ | १३३७४६ | ३१९२३४ | १०६४५१ | ३३.३% | -२०.४% |

पुनश्चः नगद मौज्दात र वैदेशिक अनुदानको सोझै भुक्तानी समेत गरी चालु आ.व.२०८१/८२ को कुल बजेट रु.३५ अर्ब २७ करोड ९३ लाख रहेको छ।

*स्रोतः-प्रदेश लेखा नियन्त्रक कार्यालय, विराटनगर।*

### तालिका (घ) आ.व.२०८१/८२ पुषसम्म प्रदेश सञ्चित कोषमा राजस्व संकलनको मासिक विवरण (रु.लाखमा)


| महिना/ शीर्षक | संघीय राजस्व बाँडफाँट | सवारी साधन कर | घरजग्गा रजिष्ट्रेशन शुल्क | चालक अनुमतिपत्र र यातायात क्षेत्रको आम्दानी | व्यवसाय रजिष्ट्रेशन दस्तुर | अनुदान/निकासा फिर्ता, बेरुजु | *स्थानीय तहबाट प्राप्त | विविध शुल्क/ अन्य राजस्व | जम्मा मासिक राजस्व |
|---|---|---|---|---|---|---|---|---|---|
| श्रावण | | | | ५३९ | ९२ | ३२ | ७ | १६५ | ८३५ |
| भदौ | ८०९९ | ११०७ | ४७ | ५१८ | १०२ | ४६ | १६ | १८५ | १०१२० |
| असोज | ७५७४ | १०७१ | २४१९ | ४३२ | ६३ | २३९ | ५६ | १६२ | १२०१६ |
| कात्तिक | ८०४७ | १०१८ | २८० | ४८९ | ३९ | १६६२ | २८ | ३०४ | ११८६७ |
| मंसिर | १५७०७ | १८९० | ४६१ | ५६९ | ७७ | ३८९ | २५७ | ३१२ | १९६६२ |
| पुष | ८४८३ | १४५० | ८२१ | ६०६ | ७८ | ३०० | ५८० | ६६५ | १२९८३ |
| जम्मा | ४७९१० | ६५३६ | ४०२८ | ३१५३ | ४५१ | २६६८ | ९४४ | १७९३ | ६७४८३ |
| वार्षिक लक्ष्य | १२४००८ | १४१०० | १४५०० | ९५०० | ९०० | ४९९० | ३०७० | २७४० | १७३८०८ |
| चालु आ.व. पुषसम्मको | ३८.६% | ४६.४% | २७.८% | ३३.२% | ५०.१% | ५३.५% | ३०.७% | ६५.४% | ३८.८% |
| गत आ.व. पुषसम्म प्राप्ति | ३५९९७ | ५७७९ | ३१३२ | २९३० | ३७१ | २२०५ | ५६८ | ७०७ | ५१६८९ |
| वृद्धि प्रतिशत | ३३.१% | १३.१% | २८.६% | ७.६% | २१.६% | २१.०% | ६६.२% | १५३.६% | ३०.६% |

(*स्थानीय तहबाट प्राप्त राजस्व अन्तरगत दहत्तर बहत्तर शुल्क, मनोरञ्जन कर र विज्ञापन कर वापत प्रदेशलाई (४०%) प्राप्त हुने राजस्व रहेको छ।)

*स्रोतः-प्रदेश लेखा नियन्त्रक कार्यालय, विराटनगर।*

### चार्ट (ख) तीन आर्थिक वर्षको पहिलो अर्धवार्षिक अवधिको आन्तरिक राजस्व संकलनको अवस्था

(रु.लाखमा)




*स्रोतः-प्रदेश लेखा नियन्त्रक कार्यालय, विराटनगर।*